# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १६३ | काठमाडौं | शनिबार, १७ असोज २०८३ | Prabhab National Daily | Saturday, 03 October 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


## संघीय संसद्का दुवै सदनको अधिवेशन अन्त्य

### प्रतिनिधिसभाको ६८ र राष्ट्रिय सभाको ५२ बैठक



■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय संसद्का दुवै सदनको चालु अधिवेशन शुक्रबार राति १२ बजेदेखि अत्य भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ असोज १३ गतेको सिफारिसमा संघीय संसद्का दुवै सदनको चालु अधिवेशन अन्त्य गरेका हुन्।

अधिवेशन असोज १६ गते शुक्रबार राति १२ बजेदेखि लागू हुनेगरी अन्त्य गरिएको राष्ट्रपति कार्यालयका प्रवक्ता कृष्णबहादुर राउतले जानकारी दिए। यससँगै प्रतिनिधिसभाको दोस्रो तथा राष्ट्रिय सभाको २१औं अधिवेशन अन्त्य भएको हो।

#### प्रतिनिधिसभाको दोस्रो अधिवेशन: ६२ दिनमा ६८ बैठक

प्रतिनिधिसभाको दोस्रो अधिवेशनमा ६२ दिनमा ६८ वटा बैठक बसेको सभामुख डोलप्रसाद अर्यालले जानकारी दिए। उक्त अवधिमा २७७ घण्टा ३० मिनेट संसदीय कामकारबाहीमा समय बितेको उनले बताए।

अधिवेशनले अध्यादेशलाई विस्थापन गर्ने विधेयकसहित १२ विधेयक पारित गरेको छ। गत वैशाख २८ गतेदेखि शुक्रबारसम्म गरी कूल १४५ दिन भए पनि संसदीय कार्य दिन ६२ कायम भएको हो। सभामुख अर्यालले दोस्रो अधिवेशनको अन्त्यको घोषणा गर्नुपूर्व अधिवेशनमा भए/गरेका कामकारबाहीका बारेमा शुक्रबार जानकारी दिएका हुन्।

यसबीचमा वैशाख २८ र जेठ १५ गते संघीय संसद्का दुवै सदनको संयुक्त बैठक बसेको थियो। अधिवेशनको पहिलो बैठकमा सार्वजनिक खरिद, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था, संवैधानिक परिषद्, सम्पत्ति...

⏭ क्रमशः पृष्ठ २ मा

#### 'संघीय संसद् कमजोर भएको छैन'



सभामुख डोलप्रसाद अर्यालले संघीय संसद् कुनै पनि हालतमा कमजोर नभएको बताएका छन्। सिंहदरबारमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उनले संघीय संसद् सशक्त र प्रभावकारी ढंगले सञ्चालन भएको बताए।

सभामुख अर्यालले संघीय संसद्मा सदस्यहरूले उठाएका विषयमा आफूले टिप्पणी गर्न अलि सान्दर्भिक नहुने पनि बताए। 'संघीय संसद्मा सदस्यहरूले उठाउनुभएको विषयलाई मैले टिप्पणी गर्न सान्दर्भिक नहोला,' उनले भने, 'तर संसद् कमजोर भएको महसुस मैले गरेको छैन।'

⏭ क्रमशः पृष्ठ २ मा

## कांग्रेसमा महाधिवेशन प्रतिनिधि करिब आठ हजार, उद्घाटनका लागि देउवालाई निम्तो

- सुरुमा छ हजार ७०० महाधिवेशन प्रतिनिधि सहभागी गराउने भनिए कांग्रेसले सात हजार ७०० पुऱ्यायो महाधिवेशन प्रनिनिधि
- पूर्वसभापति शेरबहादुर देउवालाई सम्मानित नेताका रूपमा उद्घाटनमा निम्तो
- कार्यक्रमस्थलमा एउटा मूल गेटबाहेक अरू कुनै प्रचार सामग्री सहर बजारमा नटाँगिने



**नेपाली कांग्रेसको यही असोज १८ देखि २२ गतेसम्म हुने १५औं राष्ट्रिय महाधिवेशनका लागि काठमाडौंको खुलामञ्चमा महाधिवेशनस्थल निर्माण गरिँदै।** *तस्बिरः रासस*




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसले आइतबारदेखि सुरु हुने १५औं महाधिवेशनमा करिब आठ हजार महाधिवेशन प्रतिनिधि सहभगी गराउने तयारी गरेको छ। १४औं महाधिवेशनमा चार हजार ७०० को हाराहारी महाधिवेशन प्रतिनिधि सहभागी गराएको कांग्रेसले यसपटक झण्डै दोब्बर प्रतिनिधि सहभागी गराउन लागेको हो।

सुरुमा छ हजार ७०० महाधिवेशन प्रतिनिधि सहभागी गराउने भनिए पनि शुक्रबार पत्रकार सम्मेलन गरी कांग्रेसले सात हजार ७०० महाधिवेशन प्रनिनिधि हुने जनाएको छ। 'यो महाधिवेशनमा सात हजार ७०० भन्दा बढी प्रतिनिधि सहभागी हुँदै छन्। कांग्रेसको इतिहासमा नै पहिलोपटक यति ठूलो संख्यामा महाधिवेशन प्रतिनिधि निर्वाचित हुनुभएको हो,' कांग्रेस प्रवक्ता देवराज चालिसेले भने।

आइतबार काठमाडौंको खुल्लामञ्चमा उद्घाटन हुने महाधिवेशनका लागि मञ्च बनाउन सुरु गरिएको छ। बन्दसत्र र निर्वाचन भने कांग्रेसले भृकुटीमण्डप र राष्ट्रिय सभागृहमा गर्दै छ।

#### अतिथिमा देउवादेखि ओलीसम्म

कांग्रेस प्रवक्ता चालिसेले पूर्वसभापति शेरबहादुर देउवालाई सम्मानित नेताका रूपमा उद्घाटनमा निम्तो दिएको बताए। 'सम्मानित नेताका रूपमा पूर्वसभापति शेरबहादुर देउवालाई उद्घाटनका लागि निम्ता दिइएको छ,' पत्रकार सम्मेलनमा प्रवक्ता चालिसेले भने। देउवा भने अलग्गै महाधिवेशन प्रक्रिया अघि सारेर क्षेत्रीय प्रतिनिधिमा निर्वाचत भइसकेका छन्। देउवा समूहले मंसिर २१ बाट महाधिवेशन गर्दै छ। बिहीबारबाट देउवा समूहले देशभर वडा अधिवेशन सुरु गरेको छ।

उदघाटनसत्रमा विभिन्न राजनीतिक दलको नेतृत्वसमेत आमन्त्रण गरिएको छ। कांग्रेसका सहमहामन्त्री उदयशमशेर राणाले प्रमुख राजनीतिक दलका प्रमुखहरूलाई निमन्त्रणा गरिसकेको कांग्रेसले जनाएको छ। 'राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) अध्यक्ष पुष्पकमल दाहाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टी अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टी अध्यक्ष चन्द्रकान्त राउत, श्रम संस्कृति पार्टी महासचिव आरेन राई र राष्ट्रिय जनमोर्चा अध्यक्षका तर्फबाट कार्यवाहक महासचिव घनश्याम पौडेल उद्घाटन कार्यक्रममा सहभागी हुनुहुने निश्चित भएको छ,' कांग्रेस प्रवक्ता चालिसेले भने।



> यो महाधिवेशनमा सात हजार ७०० भन्दा बढी प्रतिनिधि सहभागी हुँदै छन्। कांग्रेसको इतिहासमा नै पहिलोपटक यति ठूलो संख्यामा महाधिवेशन प्रतिनिधि निर्वाचित हुनुभएको हो।
>
> **देवराज चालिसे**
> प्रवक्ता, नेपाली कांग्रेस

#### बास प्रतिनिधि आफैंले व्यवस्था गर्नुपर्ने, खाना भृकुटीमण्डपमा

कांग्रेस महाधिवेशन प्रतिनिधिहरूले यसपटक बास आफैंले व्यवस्थापन गर्नुपर्ने भएको छ। यसका लागि काठमाडौंका विभिन्न क्षेत्रमा बासको व्यवस्थापन गर्ने कांग्रेसले जनायो।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## कोरियाका थोरै जनशक्ति भएका कम्पनीमा दुर्घटना र मृत्यु उच्च

■ प्रभाव संवाददाता



**काठमाडौं–** दक्षिण कोरियामा पछिल्लो पाँच वर्षमा औद्योगिक दुर्घटना र कामसँग सम्बन्धित रोगका कारण ४६३ विदेशी श्रमिकको मृत्यु भएको पाइएको छ। नेपालीहरूको आकर्षक रोजगार गन्तव्यका रूपमा रहेको कोरियामा बढी दुर्घटना र मृत्यु थोरै जनशक्ति भएका साना कम्पनीमा भएको जनाइएको छ।

कोरियाको रोजगार तथा श्रम मन्त्रालयको तथ्यांकअनुसार सन् २०२२ देखि चालु आर्थिक वर्षको पहिलो तीन महिनासम्म ४६३ जना विदेशी श्रमिकको कार्यस्थल दुर्घटना र कामसँग सम्बन्धित रोगका कारण ज्यान गएको हो। मृत्यु हुनेहरूमा ५० जनाभन्दा कम श्रमिक रहेको व्यवसायमा बढी मृत्यु भएको पाइएको 'सोल इकोनमिक डेली'ले जनाएको छ। कूल मृतकमध्ये ३६२ जना अर्थात् ७८.२ प्रतिशत श्रमिक यस्ता कम्पनीमा भएको तथ्यांक छ।

समाचारका अनुसार यस अवधिमा ३८ हजार ८०७ जना विदेशी श्रमिक कार्यस्थल दुर्घटनामा घाइते भएका छन्। जसमध्ये २९ हजार ५८ जना अर्थात् ७४.९ प्रतिशत श्रमिक ५० जनाभन्दा कम श्रमिक कार्यरत उद्योगका रहेको उल्लेख छ। यो तथ्यांकले श्रमिकको मृत्यु र दुर्घटना साना औद्योगिक क्षेत्रमा बढी रहेको देखाएको छ।

> कोरियाको श्रमबजारमा विदेशी श्रमिकको संरचनाका कारण यस्तो समस्या देखिएको जनाइएको छ। त्यहाँको राष्ट्रिय तथ्यांक एजेन्सीले सन् २०२५ मा सार्वजनिक गरेको आप्रवासीको बसोबास तथा रोजगारीसम्बन्धी सर्वेक्षणका अनुसार ७८.९ प्रतिशत विदेशी श्रमिक ५० जनाभन्दा कम कर्मचारी भएका व्यवसायमा कार्यरत छन्।

कोरियाको श्रमबजारमा विदेशी श्रमिकको संरचनाका कारण यस्तो समस्या देखिएको जनाइएको छ। त्यहाँको राष्ट्रिय तथ्यांक एजेन्सीले सन् २०२५ मा सार्वजनिक गरेको आप्रवासीको बसोबास तथा रोजगारीसम्बन्धी सर्वेक्षणका अनुसार ७८.९ प्रतिशत विदेशी श्रमिक ५० जनाभन्दा कम कर्मचारी भएका व्यवसायमा कार्यरत छन्।

साना व्यवसायमा विदेशी श्रमिकको संख्या धेरै हुनु र त्यहीँ दुर्घटनाको जोखिम पनि उच्च हुनुले यस्ता कार्यस्थलको सुरक्षा चुनौतीपूर्ण बनेको समाचारमा भनिएको छ। ठूला कम्पनीको तुलनामा साना कम्पनीमा सुरक्षा तथा स्वास्थ्यसम्बन्धी विशेषज्ञ र दुर्घटना न्यूनीकरण गर्न आवश्यक आर्थिक स्रोत सीमित हुँदा समस्या देखिने गरेको छ। साथै, विदेशी श्रमिकमा भाषाको समस्या र सुरक्षा तालिममा सीमित पहुँच हुँदा पनि जोखिम थप बढेको जानकारहरूले बताएका छन्।

केही अवस्थामा दुर्घटनापछि क्षतिपूर्ति पाउने व्यवस्थामा पनि समस्या देखिएको छ। कोरियामा पूर्णकालीन काम गर्ने पाँच जनाभन्दा कम श्रमिक भएका कृषि तथा मत्स्य व्यवसायलाई औद्योगिक दुर्घटना क्षतिपूर्ति बिमामा अनिवार्य आबद्ध हुन नपर्ने व्यवस्था छ। यस्ता कार्यस्थलमा दुर्घटनाको सामना गर्नुपरे यसको विवरण सरकारी तथ्यांकमा नसमेटिनसक्ने अवस्था छ।

⏭ क्रमशः पृष्ठ २ मा

## नागरिक उड्डयन प्राधिकरण टुक्र्याउने दुई विधेयक संसद्मा दर्ता

■ प्रभाव संवाददाता




**काठमाडौं–** नागरिक उड्डयन प्राधिकरणलाई टुक्र्याउने दुई विधेयक प्रतिनिधिसभामा दर्ता भएका छन्। शुक्रबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले ती विधेयक संसद्मा दर्ता गराएका हुन्।

मन्त्री पौडेलले नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८३ र नेपाल नारिक उड्डयन प्राधिकरण, २०८३ प्रतिनिधिसभामा दर्ता गराएका हुन्। यी विधेयक पारित भएपछि प्राधिकरण विभाजनको लागि बाटो खुल्ने छ।

नयाँ ऐन जारी भएपछि हवाई यातायात जस्तो हवाई यात्रुको सुरक्षा गाँसिएको संवेदनशील क्षेत्रमा नियमनकारी र सेवाप्रदायी कार्यहरू छुट्टाछुट्टै संस्थाबाट सम्पादन भइ विद्यमान स्वार्थको द्वन्द्व अन्त्य हुने मन्त्री पौडेलको भनाइ छ। साथै एयर नेभिगेसन सेवा र विमानस्थल सञ्चालन सेवालाई अन्तर्राष्ट्रिय प्रचलनबमोजिम अझ प्रभावकारी ढंगले व्यवस्थापन गर्न सकिने उनको भनाइ छ।

मन्त्री पौडलले भने, 'नियमनकारी कार्यलाई अझ स्वायत्त र सशक्त बनाई एयर नेभिगेसन सेवा, विमानस्थल सञ्चालन सेवा र उड्डयन तालिम संस्थासमेतको नियमनको दायरामा आइ हवाई सेवा थप सुरक्षित हुने छ।'



> 'नियमनकारी कार्यलाई अझ स्वायत्त र सशक्त बनाई एयर नेभिगेसन सेवा, विमानस्थल सञ्चालन सेवा र उड्डयन तालिम संस्थासमेतको नियमनको दायरामा आइ हवाई सेवा थप सुरक्षित हुने छ।'
>
> **खडकराज पौडेल**
> मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

नेपालको नागरिक उड्डयनको सम्बन्धमा विद्यमान आइकाओ तथा युरोपियन युनियनको उडान सुरक्षा चासोसमेत सम्बोधन गर्न सहयोग पुग्ने छ। साथै नागरिक उड्डयन क्षेत्रमा हाल भइरहेका कार्यहरू विशिष्टीकृतरूपमा सञ्चालन भई सेवाको गुणस्तर अभिवृद्धि हुनेमा मन्त्री पौडेलको विश्वास छ।

मन्त्री पौडेलले सेवा प्रवाहमा चुस्तता र व्यावसायिकता प्राप्त भई सम्बद्ध कर्मचारीहरू थप उप्रेरित भइ काम गर्ने हुँदा उडान एवं विमानस्थल सञ्चालन गुणस्तरमा अभिवृद्धि हुने उल्लेख गरेका छन्। साथै चुस्त र छरितो संगठन हुने हुँदा जिम्मेवारीका कार्यहरू सम्पादन छिटो र व्यवस्थित हुन जाने उनको भनाइ छ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## कांग्रेसमा महाधिवेशन...

आवास व्यवस्थापन समितिले हरेक निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशबाट एक-एक जना संयोजक तोकेर सम्बन्धित भूगोलका महाधिवेशन प्रतिनिधिका लागि बसोबासको समन्वय गर्ने प्रबन्ध गरेको जनायो। 'आवासबापतको सम्पूर्ण खर्च एवं कार्यक्रमस्थलसम्म आवतजावत खर्च सहभागी स्वयंले बेहोर्नेगरी प्रबन्ध मिलाइएको छ। आवासका लागि एयरपोर्ट, गौशाला, सुन्धारा, ठमेल, लाजिम्पाट, कलंकी र नयाँ बसपार्क क्षेत्रमा व्यवस्था गरिएको छ,' कांग्रेसले भनेको छ। खाना भने बिहान, दिउँसो र साँझको गरी भृकुटीमण्डपमा व्यवस्था गरिएको छ।

### महाधिवेशनमा तामझाम नगर्ने, पर्चा नटाँस्ने

कांग्रेसले १५औं महाधिवेशन प्रचारप्रसारमा तामझाम नगर्ने बताएको छ। कांग्रेस प्रवक्ता चालिसेले १५औं महाधिवेशनमा वातावरणमैत्री प्रचारप्रसार गर्नका लागि सबै उम्मेदवारहरूलाई आग्रह गरिएको बताए। '१५औं महाधिवेशनमा तामझामसहित प्रचारप्रसार सामग्री सहरमा टाँसिदैन, सकेसम्म प्रविधिको प्रयोग गर्न उम्मेदवारहरूलाई आग्रह गरिएको छ, वातावरणमैत्री प्रचारप्रसार गर्ने नीति पार्टीले लिएको छ,' प्रवक्ता चालिसेले भने।

कार्यक्रमस्थलमा एउटा मूल गेटबाहेक अरु कुनै प्रचार सामग्री सहर बजारमा नटाँगिने कांग्रेसले जनायो। 'असोज १५ देखि काठमाडौं उपत्यकालगायत देशका प्रमुख सहर बजारमा रहेका करिब १०० डिजिटल बोर्डबाट १५औं महाधिवेशनसम्बन्धी सूचना र सन्देशहरू प्रवाह गर्न सुरु गरिएको छ। महाधिवेशनमा हुने निर्वाचनमा उम्मेदवार हुने साथीहरूलाई पनि प्रचारप्रसारका डिजिटल माध्यममात्र प्रयोग गर्न पार्टी आग्रह गर्दछ,' चालिसेले भने।

### उम्मेदवारी दर्ता सोमबार

१५औं महाधिवेशनअन्तर्गत केन्द्रीय कार्यसमितिको निर्वाचनका लागि असोज १९ गते उम्मेदवारी दर्ता हुने भएको छ। केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले शुक्रबार जारी गरेको सूचनाअनुसार उम्मेदवारको मनोनयनपत्र असोज १९ गते सोमबार दिउँसो २ देखि साँझ ६ बजेसम्म राष्ट्रिय सभागृहमा दर्ता गरिने छ।

समितिले तोकिएको समयभित्र योग्य उम्मेदवारलाई मनोनयनपत्र दाखिला गर्न आह्वान गरेको छ। निर्वाचन कार्यक्रमसम्बन्धी विस्तृत विवरण पछि प्रकाशित गरिने समितिले जनाएको छ। सभापतिको उम्मेदवार बन्न ४० हजार रूपैयाँ शुल्क लाग्ने भएको छ। कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जारी गरेको 'नेपाली कांग्रेस निर्वाचन निर्देशिका, २०८३' अनुसार सभापतिमा उम्मेदवारी दिनका लागि महाधिवेशन प्रतिनिधिबाट १० जना प्रस्तावक र १० जना समर्थक राख्नुपर्ने व्यवस्था गरिएको छ।

यसैगरी, केन्द्रीय उपसभापति र केन्द्रीय महामन्त्रीका लागि उम्मेदवार सात जना प्रस्तावक र सात जना समर्थक हुनुपर्ने छ। केन्द्रीय सहमहामन्त्रीका लागि पाँच जना प्रस्तावक र पाँच जना समर्थक तथा केन्द्रीय सदस्यका लागि तीन जना प्रस्तावक र तीन जना समर्थक आवश्यक पर्ने व्यवस्था निर्वाचन निर्देशिकामा गरिएको छ। यस्तै, उपसभापति र महामन्त्रीका लागि ३० हजार रूपैयाँ, सहमहामन्त्रीका लागि २० हजार र केन्द्रीय सदस्यका लागि ११ हजार रूपैयाँ शुल्क तोकिएको छ। असोज १९ र २० गते बन्दसत्र भएपछि २१ र २२ गते निर्वाचन प्रक्रिया सुरु हुने निर्वाचन समितिले जनाएको छ।

### विधान संशोधन गरिने

कांग्रेसले महाधिवेशनबाट विधानको संशोधन गर्ने भएको छ। विधान संशोधन समितिका संयोजक महामन्त्री प्रदीप पौडेलले विधान संशोधनका लागि काम गरिरहेको कांग्रेसले जनायो। 'उहाँहरूले छलफल सुझाव लिने क्रम जारी राख्नुभएको छ। मौजुदा विधानमा पनि केही थपघट र परिवर्तन हुन सक्ने सम्भावना, किनकि त्यसको सर्वाधिकार महाधिवेशनले राख्दछ। महाधिवेशनको हलमा हामीले आफ्ना प्रस्तावहरू लानेछौं, ती प्रस्तावलाई छलफलपश्चात् पारित भएपछि अनि निर्वाचनको प्रक्रिया प्रारम्भ हुने छ,' चालिसेले भने। अधिवेशन नेतृत्व चयनमात्रै नभएर पार्टीले लिने आगामी दिशा पनि त्यसको अर्थपूर्ण रहने उनले बताए।

■ ■ ■

## संघीय संसद्का...

शुद्धीकरण निवारण, केही नेपाल ऐन संशोधन, सहकारी, स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा विश्वविद्यालयसम्बन्धी अध्यादेश प्रस्तुत भएका थिए। तीमध्ये चार अध्यादेश असार ५ गतेको बैठकबाट स्वीकृत भएका थिए। राष्ट्रपति रामचन्द्र पौडेलबाट आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत सरकारको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभाले वैशाख २८ गते धन्यवादको प्रस्ताव पारित गरेको थियो। नीति तथा कार्यक्रममाथि छलफल गरी वैशाख ३१ गते सर्वसम्मतिबाट पारित गरिएको थियो।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदनमाथि छलफल भई गत जेठ १७ गते संशोधनसहित बहुमतबाट पारित भएको थियो। आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि गत जेठ ४ र ५ गते छलफल भएको तथा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जवाफ दिएका थिए। आर्थिक सर्वेक्षण र सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा पनि सदनमा प्रस्तुत गरिएको थियो।

राजस्व र व्ययको वार्षिक अनुमानमाथि जेठ २७ र २८ गते छलफल सम्पन्न भएको थियो। त्यसपछि विनियोजन विधेयक, २०८३ माथि असार १ र २ गते दफावार छलफल भई सम्बन्धित मन्त्रीहरूले गत असार ३ र ४ गते जवाफ दिएका थिए। असार ४ गते नै विधेयक बहुमतबाट पारित भएको थियो।

### ३५ सरकारी विधेयक दर्ता

सभामुख अर्यालका अनुसार दोस्रो अधिवेशनमा प्रतिनिधिसभामा निजामती सेवा विधेयकसहित ३५ वटा सरकारी विधेयक दर्ता भएका छन्। तीमध्ये प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, मतदाता नामावली (पहिलो संशोधन) विधेयक, आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, सम्पत्ति शुद्धीकरण निवारण (तेस्रो संशोधन) विधेयक, सहकारी (पहिलो संशोधन) विधेयक, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक र नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक दुवै सदनबाट पारित भएका छन्।

यस अधिवेशनमा २० वटा विधेयक प्रतिनिधिसभाका सम्बन्धित समितिमा विचाराधीन रहेका छन्। पहिलो अधिवेशनबाट यस अधिवेशनमा प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२ पनि दुवै सदनबाट पारित भयो। त्यसैगरी संघीय निजामती सेवा विधेयक दर्तामात्र भएको अवस्थामा रहेको, डिप्लोमा इन्जिनियरिङ परिषद् विधेयक सदनमा प्रस्तुत भएको तथा नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक र संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी पहिलो संशोधन विधेयकका सम्बन्धित समितिका प्रतिवेदन सदनमा प्राप्त भएका छन्।

राष्ट्रिय सेवा दल विधेयक प्रतिनिधिसभाबाट मात्र पारित भयो भने राष्ट्रियसभाको पहिलो अधिवेशनबाट प्राप्त राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना तथा सञ्चालन) विधेयक, २०८२ प्रतिनिधिसभाबाट समेत पारित भयो। यसरी दोस्रो अधिवेशनमा संघीय संसद्का दुवै सदनबाट १२ वटा विधेयक पारित भई ११ वटा विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएका छन्।

### अन्तर्राष्ट्रिय सम्झौता तथा सन्धि अनुमोदन

यस अवधिमा नेपाल सरकार र गणतन्त्र भारत सरकारबीच फौजदारी विषयमा पारस्परिक कानुनी सहायता तथा नेपाल-भारतबीच दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी सम्झौता सभामा प्रस्तुत भएका छन्। अन्तर्राष्ट्रिय श्रम संगठनका श्रम निरीक्षण तथा बाध्यकारी श्रमसम्बन्धी महासन्धि, एसियाली विधायिकी संस्थाहरूको परिषद्को सदस्यता प्राप्त गर्ने प्रस्ताव तथा राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका समुद्री जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौता सदनबाट अनुमोदन भएका छन्।

बाढीपहिरो र जलवायु परिवर्तनका विषयमा सदनमा छलफल अधिवेशनकै क्रममा गत जेठ १७ गते प्रधानमन्त्री वालेन्द्र शाहले आकस्मिक समय माग गरी दलका आधारमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिए।

प्रतिपक्षी सांसदहरूले प्रधानमन्त्रीसँग हरेक महिनाको पहिलो साता हुने प्रश्नोत्तर नभएको गुनासो गरे पनि बाढीपहिरोको प्रभावका कारण यस उक्त कार्य सञ्चालन हुन सकेन। गत भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको बाढीपछि उद्धार, राहत तथा पुनःस्थापनाका लागि सरकारले गरिरहेको काम, विपद्को प्रमुख कारण जलवायु परिवर्तन रहेको विषय, यसको न्यूनीकरण तथा व्यवस्थापन विश्व समुदायको साझा जिम्मेवारी भएको विषय र उद्धारमा खटिएका नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीलाई प्रोत्साहन गर्नुपर्ने विषयमा पनि सदनलाई जानकारी गराइयो।

यसैगरी गत भदौ १७ गतेको बैठकले रसुवा, नुवाकोट, धादिङ, चितवन र गोरखाका त्रिशूली नदी तटीय क्षेत्रमा भोटेकोशी-त्रिशूली बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै विशेष प्रस्ताव पारित भयो। बाढीका कारण बेपत्ता तथा मृत्यु भएका नागरिकका परिवारप्रति समवेदना व्यक्त गर्दै घरबारविहीनको व्यवस्थापन र घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरियो।

बाढी तथा जलवायु परिवर्तनका विषयमा थप अध्ययनका लागि असोज ५ गतेको बैठकले तीन महिनाभित्र प्रतिवेदन पेस गर्ने गरी १५ सदस्यीय 'हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशूली विपद्सम्बन्धी संसदीय विशेष समिति' गठन गरेको थियो। समितिको सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका उपनेता गणेश पराजुली चयन भए।

### १३ वटा प्रश्नोत्तर कार्यक्रम

दोस्रो अधिवेशनमा प्रतिनिधिसभा नियमावली, २०८३ को सम्बन्धित व्यवस्थाअनुसार विभिन्न सात मन्त्रालयसँग १३ वटा प्रश्नोत्तर कार्यक्रम सम्पन्न भएका छन्। परराष्ट्र, युवा तथा श्रम तथा रोजगार, ऊर्जा, जलस्रोत तथा सिँचाइ, कृषि वन तथा वातावरण, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, उद्योग वाणिज्य तथा आपूर्ति तथा भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तर कार्यक्रम सञ्चालन गरिएका हुन्। अधिवेशनको अन्तिम बैठकमा सदनमा जवाफ दिन बाँकी रहेका मन्त्रालयबाट प्राप्त १६ मौखिक र आठ वटा लिखित प्रश्नका उत्तरसमेत टेबुल गरिएका छन्।

### राष्ट्रिय सभाको २१औं अधिवेशनमा ५२ बैठक

राष्ट्रिय सभाको २१औं अधिवेशनमा ५२ वटा बैठक बसेर ९८ घण्टा १० मिनेट सभा सञ्चालन भएको छ। अधिवेशनको अन्त्य गर्दै शुक्रबार राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले प्रस्तुत गरेका विवरणअनुसार अधिवेशन २०८३ वैशाख २८ गतेदेखि असोज १६ गतेसम्म १४५ दिन सञ्चालन भएको थियो।

अधिवेशन अवधिमा ४० वटा बैठकमा शून्य समय सञ्चालन भएको अध्यक्ष दाहालले जानकारी दिए। 'उक्त समयमा ४५ जना सदस्यले पाँच घण्टा ५६ मिनेट र १७ वटा बैठकमा विशेष समय सञ्चालन हुँदा ४७ सदस्यले २१ घण्टा १० मिनेट समय उपयोग गर्नुभएको थियो,' उनले भने, 'चारवटा बैठकमा प्रादेशिक सरोकार समय सञ्चालन भएकामा २७ जना सदस्यले पाँच घण्टा २७ मिनेट तथा नौवटा बैठकमा सञ्चालन भएको आकस्मिक समयमा २२ सदस्यले एक घण्टा ५६ मिनेट समय उपयोग गर्नुभएको थियो।'

अध्यक्ष दाहालका अनुसार अधिवेशनमा सरकारले पेस गरेका आठ अध्यादेशमध्ये सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, सहकारी (पहिलो संशोधन) अध्यादेश र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश सभाबाट स्वीकृत भएका थिए।

अधिवेशनका क्रममा राष्ट्रिय सभामा उत्पत्ति भएका 'अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१', 'सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३' र 'आन्तरिक वायुसेवाको दायित्वसम्बन्धी विधेयक, २०८३' पारित गरी सन्देशसहित प्रतिनिधिसभामा पठाइएको उनले जानकारी दिए। प्रतिनिधिसभाबाट संशोधनसहित फिर्ता आएको 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१' लाई पनि राष्ट्रियसभाले सहमति प्रदान गरेको पनि अध्यक्ष दाहालले जानकारी दिए।

■ ■ ■

## संघीय संसद् ...

सभामुख अर्यालले संसद्को आफ्नो मर्यादा र गर्नुपर्ने काम आफ्नो कार्यशैलीअनुसार नै सञ्चालन हुने बताए। 'तीन करोड नेपालीका लागि काम गर्ने भनेर आएका हामी निरन्तर खटिरहेका छौं,' उनले भने। सभामुख अर्यालले व्यवस्थापिकाका सांसद, नागरिक, पत्रकारलगायतले कार्यपालिकालाई झकझक्याउने जिम्मेवारी रहेको बताए। उनले आगामी संसद्को अधिवेशन राष्ट्रिय सभा र प्रतिनिधिसभा नयाँ भवनबाट सञ्चालन हुने विश्वास व्यक्त गरे। 'राष्ट्रिय सभा होस् या प्रतिनिधिसभा नयाँ भवनबाट सञ्चालन हुन्छ भन्नेमा म विश्वस्त छु,' उनले भने।

■ ■ ■

## कोरियाका थोरै...

समाचारमा उल्लेख भएअनुसार त्यहाँको सरकारले सन् २०२२ मा विदेशी श्रमिक रोजगारसम्बन्धी कानुनको कार्यान्वयन नियमावली संशोधन गर्दै रोजगार अनुमति लिन चाहने रोजगारदाताले औद्योगिक दुर्घटना बिमा वा माछा मार्ने जहाजका श्रमिकको दुर्घटना क्षतिपूर्ति बिमामा आबद्ध हुनुपर्ने व्यवस्था गरेको थियो। तर बिमा गरिएको छ कि छैन भन्ने अनुगमन कमजोर भए श्रमिक दुर्घटनामा पर्दा क्षतिपूर्ति नपाउने जोखिम देखिन्छ। गत फेब्रुअरीमा जेओन बुक क्षेत्रमा पशुपालन फार्ममा काम गर्ने एक विदेशी श्रमिकको औंला काटिए पनि फार्म सञ्चालकले बिमा नगरेको खुलेको थियो।

कोरियाको राष्ट्रिय सभाका सांसद चोइ की-साङले विदेशी श्रमिक कार्यरत सबै कार्यस्थलमा आकार वा श्रमिकको बसोबासको अवस्थालाई नहेरी सुरक्षा तथा स्वास्थ्य अनुगमन बलियो बनाउनुपर्ने माग गरेको जनाइएको छ। औद्योगिक दुर्घटना रोकथाम र क्षतिपूर्ति प्रणालीबाट कुनै विदेशी श्रमिक वञ्चित नहुनेगरी कानुन संशोधन गर्नुपर्ने उनको माग छ।

रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत कोरिया जाने नेपालीहरू साना उद्योग व्यवसायमा अदक्ष कामदारको रूपमा जाँदै आएका छन्। विदेशी श्रमिकमा निर्भर यस्ता कम्पनीमा रोजगारीको अवसरलाई मात्र नभएर कार्यसथल सुरक्षा, दुर्घटनापछि पाइने क्षतिपूर्ति जस्ता विषयमासमेत ध्यान दिनपर्ने देखिन्छ।

■ ■ ■

## नागरिक उड्डयन ...

यसबाट अन्तर्राष्ट्रिय मापदण्डबमोजिम नेपालको विमानस्थल एवं एयर नेभिगेसन संरचना कायम हुँदा अन्य मुलुक र सम्बद्ध संस्थाहरूले सकारात्मकरूपमा मूल्यांकन गर्ने मन्त्री पौडेलले उल्लेख गरेका छन्।

सन् २००९ मे महिनामा सम्पन्न अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको युनिभर्सल सेफ्टी ओभरसाइट अडिट प्रोग्रामअन्तर्गत भएको नेपालको सेफ्टी ओभरसाइट अडिटमा प्राधिकरणको नियमनकारी र सेवा प्रदायकको दोहोरो भूमिका औंल्याइएको थियो।

त्यसपछि सन् २०१३ र सन् २०१७ को अडिटमासमेत उक्त विषय दोहोऱ्याइएको थियो। पछिल्लोपटक सन् २०२२ मा भएको अडिटलेसमेत विद्यमान प्राधिकरणबाट हुने सेवाप्रदायक र नियामक प्रकृतिका कार्यहरू स्पष्टरूपमा छुट्याउने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने सिफारिस गरेको थियो। साथै नेपालले नागरिक उड्डयनसम्बन्धी अन्तर्राष्ट्रिय मञ्चहरू (आइकाओ सम्मेलन, आइकाओ डिजिसिए सम्मेलन) मा नियमनकारी र सेवा प्रदायक कार्यलाई छुट्टाछुट्टै संस्थामार्फत सञ्चालन गर्नेगरी संस्थागत सुधारको थालनी गरिएको जानकारी गराउँदै आएको छ।

नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८३ पारित भएपछि नेपाल हवाई सेवा प्राधिकरण स्थापना हुने छ। यो ऐन राष्ट्रपतिबाट प्रमाणीकरण भएको मितिले ९१औं दिनदेखि लागू हुने छ। उक्त प्राधिकरण्को काम, कर्तव्य र अधिकारमा विमानस्थल पूर्वाधार विकास तथा व्यावसायिक सेवा, एयर नेभिगेसन तथा प्राविधिक सेवा, उडान सुरक्षा र जोखिम व्यवस्थापन, नियामक निकायसँग समन्वय र संस्थागत व्यवस्थापन हुने छ। साथै नागरिक उड्डयन प्राधिकरणको काम, कर्तव्य र अधिकारमा प्रमाणपत्र तथा इजाजत व्यवस्थापन, वायुयान दर्ता र व्यक्तिगत इजाजत, मापदण्ड निर्धारण र नियमन, सुरक्षा सुपरीवेक्षण, अन्तर्राष्ट्रिय दायित्व र नीगित समन्वय तोकिएको छ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक १६२ असोज १६ गते २०८३ मा प्रकाशित **Overseas Employment (P.) Ltd.** को साउदी देशको **LT No.348688** कम्पनीको नाम **Company Al-rawiya Elle For General Contracting** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

**Overseas Employment (P.) Ltd.** Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com श्रम इजाजत नं. १२०८/०७३/०७४


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७८/०६/१५ मा दर्ता भएको प्रा.लि.नं. २२६४२६ को **ओपेरा इन्टरटेन्टमेन्ट नेपाल प्रा.ली** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### लाफिङ बुद्ध पावर नेपाल लिमिटेडको
### विशेष साधारण सभा सम्बन्धि सूचना

यस लाफिङ बुद्ध पावर नेपाल लिमिटेडको मिति २०८३ साल असोज १४ गते बसेको सञ्चालक समितिको बैठकबाट निर्णय भए बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान तथा समयमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।

**विशेष साधारण सभा हुने मिति, स्थान र समय :**
मिति : २०८३ असोज ३० गते शुक्रवार
समय : दिनको ११:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. ११, काठमाडौं।

**छलफलका प्रस्तावहरु :**
१. कम्पनीको जारी पूँजी वृद्धि सम्बन्धि विशेष प्रस्ताव पारित गर्नका लागि विशेष साधारण सभा बोलाउने सम्बन्धमा।

**विशेष प्रस्तावः**
(क) कम्पनीको जारी पूँजी वृद्धि गरी प्रबन्धपत्रको दफा संशोधन गर्न बारे।
२. विविध।

**सञ्चालक समितिको आज्ञाले**
..........................
**अध्यक्ष**


**साउदीमा रोजगार** कम्पनी : WATANIA STEEL FACTORY CORP

पूर्व स्वीकृति मिति : २०८३/०६/१६ LT. No. 348935 चलानी नं. ६०२६२०४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 1 | 0 | 1600 | ६६,०३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदर आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC No. 1082/073/74
**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**मलेसियामा रोजगार** कम्पनी : TSI SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०६/१६ LT. No. 348837 चलानी नं.६०२६२०१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/guard | 30 | 0 | 1700 | ६४,१५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498



**युएइमा रोजगार** कम्पनी : NAEL GENERAL CONTRACTING OWNED BY NAYEL RASHED ALSHAMSI-SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०६/१५ LT. No.348812 चलानी नं. ६०२६१९४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASST REINFORCING FITTER | 100 | 0 | 1200 | ५०,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD** श्रम इजाजत नं. ७८८/०६५/०६६
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



**कतारमा रोजगार** कम्पनी : FRAMES BEAUTY CENTER

पूर्व स्वीकृति मिति : २०८३/०६/१६ LT. No. 348765 चलानी नं. ६०२६२०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 0 | 2 | 1000 | ४२,५२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**HR NEPAL SERVICES PVT. LTD.**
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5910894
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९



**युएइमा रोजगार** कम्पनी : UNITED SECURITY GROUP - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१६ LT. No. 336206 चलानी नं.६०२४९८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 1 | 8 | 1920 | ८१,०८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guards | 31 | 7 | 2000 | ८४,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Kaski,Pokhara Lekhnath Metropolitan City, Janapriya Thakali Bhanchha Ghar &Lodge मितिः २०८३ असोज २५ गते (11th.Oct 2026) मा हुनेछ।
Chitwan, Bharatput Metropolitan City Vivanta Hotel, Chitwan मितिः २०८३ असोज २६ गते (12th.Oct 2026) मा हुनेछ।
Kathmandu, Kathmandu Metropolitan City,Manpower Office मितिः २०८३ असोज २७ गते (13th.Oct 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60
New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 01-4568734, Mobile: 9851083996, 9813083335
Pokhara Contact :+977 985-6018106, Jhapa Contact 9807981913, Chitwan Contact +977 985-5063635
Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np



**कतार/कुवेतमा रोजगार** कम्पनी : Qatar Food Company - Americana सेवा शुल्क : निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/०८/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१६ LT. No. 333876 चलानी नं. ६०२४७५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dishwaher | 0 | 23 | 1200 | ५१,०३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer / Helpers | 66 | 0 | 1200 | ५१,०३४ | | | | | | | |

कम्पनी : KUWAIT FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१६ LT. No. 335688 चलानी नं. ६०२४९०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | waiter/waitress | 4 | 30 | 120 | ६०,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. ९१५/०६७/६८
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9712062096, 9705779699,9849149768,9813975678



**मलेसियामा रोजगार** कम्पनी : EIK ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२२ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/१६ LT. No. 344410 चलानी नं. ६०२५७६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 14 | 0 | 1700 | ६४,१५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HEXA ANALISA SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/०४ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/१६ LT. No. 343688 चलानी नं. ६०२५६९९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 3 | 0 | 1700 | ६४,१५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YKM ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०४ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/१६ LT. No. 340557 चलानी नं. ६०२५३९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 11 | 0 | 1700 | ६४,१५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

MINAWA Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

# नयाँ बसपार्कमा यात्रु सहायता कक्ष स्थापना

सायद त्यही अभिप्रेरणाले गर्दा पनि होला, बाढी, लेदो, गेग्रान र अन्य कठिनाइ थिचोल्दै आफ्नो कर्तव्य पालनामा टोली नचुकेको । अभिषेक र दीपकलाई जस्तै जस्तोसुकै परिस्थिति आए पनि सामना गर्छु भन्ने अठोट पलाएको थियो, प्रमोद केसीलाई पनि । 'बाढीपछिका सुरुआती चार दिन भने सबैभन्दा चुनौतीपूर्ण बनेको थियो । टनेलभित्र कतिपय स्थानमा लेदो सात फिटसम्म जमेको थियो । सडक र पुल बगेका थिए । पैदल हिँड्नसमेत कठिन अवस्थामा हराएकाहरूको खोजी गर्नुपर्ने थियो । घाइतेको उद्धार गर्नुपर्ने थियो । आफैं जोखिममा पर्न सक्ने अवस्था भए पनि जोखिममा परेकालाई जोगाउनु हाम्रो कर्तव्य थियो,' उनी भन्छन् ।

मुलुकको हरेक विपद्मा खटिएको सैनिकका लागि यी जोखिम नयाँ भने थिएनन् । त्यसबेला कतिपय आफन्तजनले फेरि कुनै जोखिम हुन्छ कि भन्ने चिन्ता जनाउँथे । तर कयौं बाढीको भेलपछि हराएका आफ्ना प्रियजन खोजेर बुझाउन पाए नै सबैभन्दा ठूलो सफलता हुन्थ्यो लाग्यो । उद्धार गर्न सफल भएको क्षणमा टोली सदस्यहरू पनि खुसी हुन्थे । नेपाली सैनिक टोलीका अन्य सदस्य सुजित जोशी, ज्ञानेन्द्र डाँगी, महेश कार्की, सुरेन्द्रकुमार रोकाय, इन्द्रबहादुर गुरुङ, दिनेश तामाङ, नारायण शर्माले पनि आफूले सेनामा भर्ती हुँदा खाएको शपथलाई सम्झँदै अहिलेसम्म पनि खोजी कार्यमा तल्लीन रहेका छन् । सम्भव भएसम्म जीवन जोगाउने अभियानमा लाग्दालाग्दै सफल नभएको त्यो क्षणले भने सबैको मन भारी बनाइरहेको छ ।

देशका लागि ज्यान दिने कसम खाएर सेनामा प्रवेश गरेका यी सैनिक जवानका लागि विपद्को मैदान पनि सेवाकै अर्को मोर्चा थियो । भोटेकोशी बाढी प्रभावित क्षेत्रमा राहत, उद्धार तथा खोजमा खटिँदा मनमनै त्यही शपथ दोहोऱ्याए: आफ्नो ज्यान जोखिममा राखेर भए पनि अरूको जीवन जोगाउनेछौं ।

क्रमशः पृष्ठ ५ मा

# कालीगण्डकीको भेलले बगाएको फर्सेवासीको सपना

**सन्तोष गौतम**/म्याग्दी

केही दिनअघिसम्म घर थिए । गोठ थिए । खेतबारी थिए । बालबालिकाको चहलपहल थियो । अहिले त्यहाँ कालीगण्डकीको भेल बगिरहेको छ ।

पर्वतको जलजला गाउँपालिका-८ फर्सेमा यही असोज ११ गतेको बाढीले धेरै परिवारको जीवन नै उल्टाइदिएको छ । वर्षौंको मिहेनतले बनाएको घर । जोडेको धनसम्पत्ति । पालिएका गाईभैंसी सबै बाढीले बगाएको छ ।

बेनी नगरपालिका-१ रत्नेचौर ढोडेनीकी निर्मला सापकोटाको परिवार लामो समयदेखि फर्सेमा बस्दै आएकी थिइन् । यातायातको सुविधा थियो । कृषि उपज बिक्री गर्न सहज थियो । सोही कारण उनको परिवारले फर्सेलाई कर्मथलो बनाएको थियो ।

समाजमा राम्रो आर्थिक हैसियत भएको परिवारका रूपमा चिनिने निर्मला अहिले आफू शून्यमा पुगेको महसुस गर्छिन् । 'पुर्ख्यौली घर रत्नेचौर भए पनि फर्सेमा व्यवस्थित घर बनाएर सुविधासम्पन्न जीवन बिताइरहेका थियौं,' उनले भनिन्, 'बाढीले शरीरमा भएको एकसरो कपडा र गोठका गाईवस्तुबाहेक सबै बगायो । ज्यान बच्यो, यही ठूलो कुरा हो ।' निर्मलाको आवाजमा पीडा छ । तर बाँच्ने साहस पनि छ । 'गरेर खानेका लागि गाँस, बास, कपास र ओत चाहिने रहेछ भन्ने अहिले महसुस भएको छ,' उनले भनिन् ।

फर्सेकै विष्णुकुमारी हमालको परिवारको कथा पनि उस्तै छ । व्यापार-व्यवसायका लागि धाइरिङबाट फर्से झरेको परिवारले चारवटा घर बनाएको थियो । उनका श्रीमान् डिलबहादुर क्षेत्रीले दूध उत्पादनका लागि शिव तरकारी तथा पशुपालन कृषि फार्म सञ्चालन गरेका थिए । 'गाईभैंसीलाई तातोपानीले नुहाइदिन गोठमा सोलार जोडेका थियौं,' विष्णुले भनिन्, 'हाम्रो सुविधासम्पन्न घरगोठ भएको ठाउँमा अहिले कालीगण्डकी बगेको छ । पुरानो तस्बिरमा घर हेरेर चित्त बुझाउनुबाहेक केही बाँकी रहेन ।'

> निरन्तरको वर्षापछि कालीगण्डकीमा आएको बाढीले फर्सेका करिब १०० परिवार प्रभावित भएका छन् । जलजला गाउँपालिकाका अनुसार ७५ घर बगेर पूर्णरूपमा क्षति भएका छन्, २७ घर जोखिममा छन् । बाढीबाट विस्थापित ७५ परिवारका १२९ महिला, १४४ पुरुष र पाँच वर्षमुनिका आठ बालबालिका प्रभावित भएका छन् ।



निरन्तरको वर्षापछि कालीगण्डकीमा आएको बाढीले फर्सेका करिब १०० परिवार प्रभावित भएका छन् । जलजला गाउँपालिकाका अनुसार ७५ घर बगेर पूर्णरूपमा क्षति भएका छन्, २७ घर जोखिममा छन् । बाढीबाट विस्थापित ७५ परिवारका १२९ महिला, १४४ पुरुष र पाँच वर्षमुनिका आठ बालबालिका प्रभावित भएका छन् ।

घरबारविहीन परिवारमध्ये अन्यत्र घर नभएका र आफन्तकहाँ आश्रय लिन नसक्नेलाई सुरक्षा निकायको सहयोगमा अस्थायी शिविरमा राखिएको गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताए । 'ज्यान जोगिए पनि वर्षौं मिहेनत गरेर जोडेको घरघडेरी र धनसम्पत्ति गुमाएको पीडा धेरैमा छ,' उनले भने ।

### पूर्वसूचनाले जोगायो ज्यान

फर्सेकी संगीता शर्मालाई यही असोज १० गतेको रात अझै सम्झना छ । ठूलो पानी पर्ने सूचना आएपछि स्थानीय बासिन्दा केही दिनदेखि नै सतर्क थिए । तर कालीगण्डकी यति ठूलो भेलसहित बस्तीमा पस्ला भन्ने कसैले सोचेका थिएनन् ।

असोज १० गते मध्यराति फर्से युवा क्लबका युवाले माइकिङ गरे । त्यसपछि संगीतासहित धेरै परिवार घर छाडेर सुरक्षित स्थानतर्फ लागे । 'शरीरमा भएको कपडामात्रै लगाएर झरीमा भिज्दै रातको २:०० बजे सडकमा निस्कियौं,' उनले भनिन्, 'गहना, अन्न, लत्ताकपडा, फर्निचर, भाँडाकुँडा, नगद र महत्त्वपूर्ण कागजात घरमै थिए तर हामीसँग ज्यान जोगाउने समयमात्र थियो ।'

गोठमा बाँधिएका गाईभैंसी फुकाएर भगाउनुपऱ्यो । घरभित्रका सामान निकाल्ने समय मिलेन । अहिले विस्थापित परिवार दिनमा एकपटक बाढीले बगाएको घर भएको ठाउँतिर पुग्छन् । भग्नावशेष हेर्छन् । विगत सम्झन्छन् । अनि भारी मन लिएर फर्किन्छन् । अस्थायी शिविरमा बसेका बिना, फूलमाया र सुकमाया विकको अवस्था पनि उस्तै छ । साथमा लगाएको कपडाबाहेक घरबाट केही निकाल्न सकिनन् । 'आफ्नै घर भएको ठाउँमा कालीगण्डकी बगेको देख्दा मन भारी हुन्छ,' उनीहरूको भनाइ छ । घर र गोठ डुबानमा परेका परिवार भने बाढीबाट बचेका सामान खोजिरहेका छन् । हिलो पखालिरहेका छन् । घाममा सुकाइरहेका छन् ।

क्रमशः पृष्ठ ५ मा

# तटबन्धले जोगायो गैँडाकोटको बस्ती



**नवलपुर (नवलपरासी)**– यही असोज ११ गते नारायणी नदीमा पछिल्लो ६० वर्षयताकै ठूलो बाढी आयो । विगतका वर्षमा अहिलेको भन्दा सानो बाढी आउँदा पनि गैँडाकोटका धेरै बस्ती डुबान र कटानको समस्यामा पर्ने गरेका थिए । यद्यपि यसपटक इतिहासमै ठूलो बाढी आउँदा पनि धेरै बस्ती जोगियो ।

इतिहासकै ठूलो बाढी आउँदा पनि यसपटक गैँडाकोटको वडा नं २ को एउटा बस्तीबाहेक अन्य वडामा बाढीले कुनै क्षति पुऱ्याउन नसकेको स्थानीय बताउँछन् । नारायणी पुलभन्दा उत्तरतर्फ नदीकिनारमा तटबन्ध नहुँदा एउटा बस्ती डुबानमा परेको थियो । पुलबाट दक्षिणतर्फ निर्माण गरिएको करिब पाँच किलोमिटर लामो तटबन्धले अन्य बस्ती जोगाउन सफल भएको स्थानीयको बुझाइ छ । गैँडाकोटका मनोज परियारले नदीकिनारमा ठूलाठूला ढुंगा राखेर गरिएको तटबन्धबाट नदीकिनारको बस्ती जोगिएको बताए ।

'नदीकिनारमा ठूलाठूला ढुंगा राखिएको छ, जसले हामीलाई जोगायो,' उनले भने, 'ढुंगा नाघेर नदीको छाल घरसम्म आएको थियो, यो ढुंगा नहालेको भए हाम्रो धेरै क्षति हुने थियो ।' बाढीले कटान गर्ने क्षेत्रमा निर्माण गरिएको तटबन्धका कारण बस्ती जोगिएको छ । यस्तै, कटान पनि रोकिएको परियारको बुझाइ छ । बाढी आउँदा जोखिमपूर्ण अवस्थामा रहने नदीकिनारका बस्ती तथा खेतीयोग्य जमिन सुरक्षित पार्न गरिएको तटबन्धले जिल्लाका धेरै बस्ती जोगाएको छ ।

'अघिल्ला वर्षमा नदीमा बाढी आउँदा किनारका बासिन्दा सुरक्षित ठाउँ खोजेर हिँड्नुपर्ने अवस्था थियो,' गैँडाकोट-६ का ४१ वर्षीय राजेन्द्र थापाले भने, 'यस वर्ष नारायणीमा ठूलो बाढी आए पनि हामी ढुक्कसँग घरमै बस्न सक्यौं ।'

आफ्नो वडामा नदी व्यवस्थापनको काम भएपछि कटान रोकिँदा आफूहरू ढुक्क भएर बस्न पाएको थापाले बताए । सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय चितवनले आर्थिक वर्ष २०८२/८३ मा नवलपुरतर्फको नदीकिनारमा व्यवस्थित तटबन्ध निर्माण गरेको थियो ।

बाढी आउँदा रातभर सुत्न नसकिने अवस्थाको स्मरण गर्दै स्थानीय खगीसरा रानाले नदी व्यवस्थापनको काम भएपछि ढुक्कसँग बस्न पाइएको बताए । गत वर्षदेखि यस क्षेत्रमा नारायणी नदीको कटान पूर्णरूपमा रोकिएको रानाले बताए । अघिल्ला वर्षका बाढीले खेतीयोग्य जमिन बगरमा परिणत गर्दै उठिबास लगाएको उनले बताए ।

'नारायणीको बाढीले मेरो पनि जग्गा लगभग काटेर सक्यो,' किनारमा बस्तीभन्दा अग्लो पारेर गरिएको तटबन्ध देखाउँदै उनले भने, 'पोहोर साल सरकारले यो डचाम नबनाएको भए सायद म पनि घरबारविहीन हुने अवस्था आउँथ्यो होला ।' अबका दिनमा नदीकिनारका बासिन्दा डराउनुपर्ने अवस्थाको अन्त्य भएको रानाको भनाइ छ । नदी कटान रोकिएपछि आफूहरूको आधा चिन्ता सकिएको उनले बताए ।

पुलबाट दक्षिणतर्फ नदी किनारमा गैँडाकोटको वडा नं २, ५, ६, ७ र ९ को भूभाग पर्दछ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले नदीकिनारमा बहुवर्षीय ठेक्का लगाएर व्यवस्थित तटबन्धको काम सम्पन्न गरेको छ । कार्यालयले करिब एक हजार ५०० मिटर बिग बोल्डर तथा करिब पाँच किलोमिटरमा क्रंक्रिट तटबन्ध गरेको गैँडाकोट नगरपालिका-६ का वडाध्यक्ष शुभाष चापागाईंले बताए ।

'नदी किनारलाई भिरालो बनाउँदै गरिएको पक्की तटबन्धका कारण बस्ती जोगिन सफल भएको हो,' उनले भने, 'गैँडाकोटमा गरिएको तटबन्ध नेपालकै नौलो र नयाँ प्रयोग भएको मैले जानकारी पाएको छु ।' बस्तीभन्दा अग्लो पारेर गरिएको तटबन्धका कारण ठूलो बाढीले पनि बस्तीमा कुनै क्षति पुऱ्याउन नसकेको उनले बताए । यद्यपि कंक्रिट तटबन्ध गरिएको केही स्थानमा बाढीले क्षति पुऱ्याएको भन्दै त्यसलाई व्यवस्थितरूपमा मर्मत गर्नुपर्ने चापागाईंको भनाइ छ ।

यही असोज ११ गते नारायणीमा पानीको सतह बढेर सबैभन्दा उच्च ११.९३ मिटर पुगेको जल मापन केन्द्र देवघाटले जनाएको छ । नदीकिनारमा गरिएको तटबन्ध बस्तीभन्दा अग्लो भएका कारण बस्तीमा हुने डुबान र कटानबाट गैँडाकोटका नदी तटीय वडा जोगिएका हुन् । *रासस*

भोटेकोशी बाढी

# प्रहरी सहायक निरीक्षकसहित २५ प्रहरी अझै बेपत्ता, तीन जनाको शव फेला

**रसुवा**– भोटेकोशीमा गएको बाढीले रसुवाका विभिन्न प्रहरी चौकीहरू बगाउँदा इलाका प्रहरी कार्यालय टिमुरेका प्रहरी सहायक निरीक्षक अझै बेपत्ता छन् । बाढीमा परेका २५ जना प्रहरी कर्मचारी अझै बेपत्ता रहेकै अवस्थामा केहीको भने शव फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक एवं प्रवक्ता डिल्लीराज सापकोटाका अनुसार बाढीमा बगेका टिमुरे इलाका प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक रामहरि खड्का, प्रहरी सहायक हवल्दार दीपेन्द्र विष्ट र बेत्रावती प्रहरी चौकीका प्रहरी साहायक निरीक्षक रामकाजी पौडेलको शव फेला परेको हो ।

बाढीले इलाका प्रहरी कार्यालय टिमुरे, प्रहरी चौकी रसुवागढी, स्याफ्रुबेँसी, बेत्रावती र अस्थायी प्रहरी पोस्ट मैलुङमा ठूलो क्षति पुगेको छ । बाढीले प्रहरी चौकी र भौतिक संरचनाको नामोनिसान छैन, केही क्षतविक्षत भएका छन् ।

प्रहरी वरिष्ठ हवल्दार राजु तामाङका अनुसार बिहान ८:४५ बजेतिर स्याफ्रुबेँसी बजारमा कन्टेनर डिब्बाहरूको लाइन मिलाउने र इन्ट्री गर्ने काम भइरहेको अवस्थामा बाढीको त्यो त्रासदीपूर्ण भएको थियो । 'बाढीले बजार डुबाउँदै गर्दा म छालमा परेको थिएँ । पानीको तीव्र बहावले मलाई निकै माथि हुत्याइदियो । करिब दुई-तीन घण्टापछि होस् आउँदा म बजारभन्दा निकै टाढा पुगिसकेका थिएँ,' उनले त्यस दिनको घटना सम्झँदै भने, 'ब्युँझिएर हेर्दा न त आफू कार्यरत प्रहरी चौकी थियो, न स्याफ्रुबेँसी बजार नै बाँकी थियो ।' सोही चौकीका अर्का घाइते प्रहरी जवान दिपेश भण्डारीले पनि संघर्ष गर्दै कालको मुखबाट ज्यान जोगाउन सफल भएका थिए ।

अस्थायी प्रहरी पोस्ट मैलुङमा कार्यरत प्रहरी हवल्दार रोशन विष्टले बाढी आउँदै गरेको खबर पाउनेबित्तिकै जलविद्युत् आयोजनाका कर्मचारीलाई सुरक्षित रहन खबर गर्न दौडिएको बताए । तर, खबर गर्दागर्दै करिब ५०० मिटर माथिबाट आएको बाढीको लेदो र छालले उनीहरूलाई बगाएको उनले सुनाए । आफूले विभिन्न आठ ठाउँमा ओत लाग्दै र हिलोमा संघर्ष गर्दै भाग्यवश ज्यान जोगाएको बताए । सोही पोस्टका प्रहरी सहायक हवल्दार दुर्गाबहादुर मगर उकालोतिर दौडिएर एउटा सुरक्षित स्थानमा अड्किएर बच्न सफल भएका थिए ।

टिमुरेमा कार्यरत प्रहरी वरिष्ठ हवल्दार सन्तबहादुर थिङले त्यो दिनको बिहान सम्झना गर्दै भने, 'हामी डचुटीमै थियौं । एक्कासि यति ठूलो बाढी आयो कि त्यो जमिनबाट नभई आकाशमै उडेर आएजस्तो देखिन्थ्यो ।' बाढी आएपछि 'उकालो भागौं, कतै ज्यान बच्छ कि' भन्दै आफू र आफ्ना साथी प्रहरी हवल्दार ज्ञानबहादुर श्रेष्ठ पहाडतर्फ दौडिएर ज्यान जोगाउन सफल भएको उनले बताए ।

बाढीले अर्बौंको भौतिक क्षति पुऱ्याउनुका साथै ठूलो संख्यामा सुरक्षाकर्मी र नागरिक बेपत्ता पारेपछि यतिबेला सम्पूर्ण रसुवा जिल्ला शोकमा छ । बेपत्ता इलाका प्रहरी कार्यालय टिमुरेका प्रहरी सहायक निरीक्षकलगायत अन्य प्रहरी कर्मचारीको खोजी अझै तीव्ररूपमा जारी राखिएको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ । *रासस*

# देशभर २१ विपद्का घटना, आठ जना घाइते

**काठमाडौं (प्रस)**– पछिल्लो २४ घण्टामा देशभर विभिन्न प्रकृतिका २१ वटा विपद्का घटना भएका छन् । ती घटनामा परी आठ जना घाइते भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यही असोज १५ गते बिहानदेखि १६ गतेसम्म देशका विभिन्न स्थानमा सर्पदंश, आगलागी, बाढी, पहिरो, अविरल वर्षा तथा जनावर आक्रमणका घटना भएका हुन् ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार विपद्का घटनामा परेकाको उद्धार, राहत तथा व्यवस्थापनका लागि १६५ जना प्रहरी परिचालन गरिएको छ । विपद् प्रभावित क्षेत्रमा सुरक्षा निकाय तथा सम्बन्धित निकायले आवश्यक उद्धार र व्यवस्थापनको काम गरिरहेका छन् ।

प्राधिकरणका अनुसार उक्त अवधिमा सबैभन्दा बढी सर्पदंशका सात घटना भएका छन् । यस्तै, पहिरोका पाँच, बाढीका तीन, आगलागीका दुई तथा जनावर आक्रमणका दुई घटना भएका छन् । अविरल वर्षाका कारण एक विपद् घटना भएको प्राधिकरणले जनाएको छ । विपद्का घटनाका कारण देशभर दुई वटा चौपायामा क्षति पुगेको छ । प्रारम्भिक विवरणअनुसार ती घटनाबाट करिब १२ हजार रूपैयाँबराबरको आर्थिक क्षति भएको छ ।

प्राधिकरणले विपद्का घटना बढ्न सक्ने सम्भावनालाई ध्यान दिँदै जोखिमयुक्त क्षेत्रमा सतर्कता अपनाउन तथा आपत्कालीन अवस्थामा सम्बन्धित सुरक्षा निकाय र स्थानीय तहसँग समन्वय गरी उद्धार तथा व्यवस्थापनमा जुट्न आग्रह गरेको छ ।

पृष्ठ ४ बाट क्रमशः

## बाढीमा हराएकाहरूको...

### जीवन खोज्दै टनेलभित्र...

भोटेकोशीमा बाढी आएपछि विभिन्न जलविद्युत् आयोजनाका सुरुङभित्र हराएका मानिसको खोजी सुरु भयो । सुरुङभित्र पस्नु उद्धार टोलीका लागि जोखिमपूर्ण थियो । नेपाली सेनाका सहायक रथी सुवासजंग थापाले उद्धार टोलीले अदम्य साहसका साथ काम गरेको बताए । 'कतिपय हाम्रा उद्धार टोलीका सदस्यलाई ज्वरो आउने, छाला चिलाउने, वान्ता आउनेलगायतका स्वास्थ्य समस्या पनि देखियो । यो लगायत अन्य जोखिमको बाबजुत पनि खोजी तथा उद्धारमा खटिए,' उनले भने, 'जोखिम मोलेरै भए पनि अरुको सुरक्षा गर्नु हाम्रो दायित्व थियो ।'

लाङटाङ जलविद्युत् आयोजनामा सेनाले बाढी आएको दिन भदौ १० गते नै हेलिकप्टरबाट रेकी गरेको थियो । आयोजनाको सुरुङमा भदौ १३ गतेदेखि भारतीय विज्ञ टोलीसँगको सहकार्यमा खोज तथा उद्धार सुरु गरिएको थापाले जानकारी दिए । चिलिमे जलविद्युत् आयोजनामा पनि सेनाले भदौ १० गते नै रेकी गरेको थियो । भारतीय विज्ञ टोलीको सहभागितामा भदौ १४ गतेदेखि त्यहाँ खोज तथा उद्धार सुरू भएको उनको भनाइ छ ।

'माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा पनि भदौ १० गते नै रेकी गरिएको थियो । चिनियाँ विज्ञ टोलीको सहभागितामा भदौ १४ गतेदेखि खोज तथा उद्धार सुरु भयो । ११औं दिनको प्रयासपछि एक चिनियाँ नागरिकको जीवितै उद्धार गरियो,' सहायक रथी थापाले भने, 'त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनामा बाढी आएको १०औं दिनमा दुई कर्मचारीको जीवितै उद्धार भयो । लामो प्रयासपछि दुई जनालाई जीवितै बाहिर निकाल्न सकिएको त्यो क्षण उद्धार टोलीका लागि खुसीको थियो । एकदमै खुसी महसुस भयो ।'

उनका अनुसार भोटेकोशीको बाढीपछि नेपाली सेनाले रसुवा र नुवाकोटका प्रभावित क्षेत्रमा पैदल गस्तीमार्फत खोज तथा उद्धारलाई निरन्तरता दियो । त्रिशूलीपारि कोलोनी, तुप्चे, दानसिङ, सामरी भञ्ज्याङ, कालिकास्थान, माञ्चेतलगायतका क्षेत्रमा आधार बनाएर टोली परिचालन गरिएको सहायक रथी थापाले बताए ।

सडक सम्पर्क टुटेका ठाउँमा भने जमिनबाट पुग्न सम्भव थिएन । त्यहाँ ड्रोन उद्धारको अर्को माध्यम बन्यो । दुर्गम बस्तीमा अत्यावश्यक खाद्यान्न तथा राहत सामग्री पुऱ्याउन नेपाली सेनाले ड्रोन प्रयोग गरेको उनले जानकारी दिए ।

नेपाली सेनाका हवाई साधनमार्फत प्रभावित विभिन्न क्षेत्रबाट हालसम्म चार हजार २४२ जनाको उद्धार गरिएको नेपाली सेनाले जनाएको छ । उद्धार गरिएकामध्ये तीन हजार ९५९ नेपाली र २८३ विदेशी नागरिक छन् । भोटेकोशीको बाढीले रसुवादेखि नुवाकोट, धादिङ, चितवन हुँदै नवलपरासी पूर्व र पश्चिमसम्म प्रभाव पारेपछि नेपाली सेनाको आठ हजार २०० भन्दा बढी सैनिक प्रत्यक्षरूपमा जनशक्ति परिचालन गरिएको छ । *रासस*

## कालीगण्डकीको...

बाँकी रहेको सामान सुरक्षित ठाउँमा सारिरहेका छन् । बाढीले घरसँगै विद्यार्थीका कापी-किताब पनि बगायो । फर्से र बागलुङको ढोडेनी जोड्ने करिब १०० वर्ष पुरानो झोलुंगे पुल इतिहासमा सीमित गरिदियो । पुल बगेपछि म्याग्दी र बागलुङतर्फबाट फर्सेको जनकल्याण माध्यमिक विद्यालयमा आउने विद्यार्थीले घुमाउरो बाटो हिँड्नुपर्ने अवस्था आएको छ । जलजला-८ का वडाध्यक्ष हरिविकास जिसीका अनुसार पूर्वसूचना र स्थानीयको सतर्कताका कारण मानवीय क्षति हुन पाएन । तर भौतिक क्षति अकल्पनीय भयो । वडाध्यक्ष जिसीको पुर्ख्यौली घर बाढीले बगाएको छ ।

### व्यापारिक केन्द्रबाट कृषि गाउँ

पञ्चायतकालमा फर्से व्यापारिक केन्द्रका रूपमा चिनिन्थ्यो । बागलुङ, मुस्ताङ र म्याग्दी ओहोरदोहोर गर्नेका लागि यो महत्त्वपूर्ण ठाउँ थियो । सडक विस्तारसँगै फर्सेको स्वरूप बदलियो । व्यापार-व्यवसायबाट स्थानीय बासिन्दा कृषि उद्यमतर्फ लागे । बेनी, कुश्मा र बागलुङ बजार नजिक भएकाले दूध र तरकारी उत्पादन यहाँका बासिन्दाको मुख्य आम्दानीको स्रोत बन्यो ।

कालीगण्डकी करिडोरको मालढुंगा-बेनी सडकखण्डमा पर्ने फर्सेबाट सिजनमा दैनिक करिब ८०० लिटर र बेसिजनमा ६०० देखि ७०० लिटरसम्म दूध बिक्री हुने गरेको स्थानीय संगम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थाका सचिव खड्ग केसीले बताए ।

सहकारीले ४० किसानबाट दूध खरिद गरी बागलुङ पुऱ्याएर बिक्री गर्दै आएको थियो । तर बाढीपछि किसानको अवस्था फेरिएको छ । 'गाईभैंसी पाल्ने ४० मध्ये आधाजसो किसान बाढीबाट प्रभावित भएका छन्,' केसीले भने, 'बचाइएका गाईभैंसीलाई आहारा र दाना दिन नसक्दा दूध उत्पादन घटेको छ ।' उनले बाढीप्रभावित किसानका लागि तत्काल पशु आहारा र दानाको व्यवस्था गर्नुपर्ने बताए ।

### बगर बनेको गाउँ फेरि उठ्ने विश्वास

स्थानीय टीकाराम क्षेत्रीका आँखामा अझै असोज ११ गते बिहानको दृश्य घुमिरहेको छ । बाढी बढ्न थालेपछि साँझ सुरक्षितरूपमा घर छाडेका थिए । बिहान फर्किंदा घर भेटिएन । 'उठ्दै गरेको फर्सेलाई बाढीले लडाइदियो,' उनले भने, 'साहस गरेर फेरि उठ्नेछौं । तर सरकारको साथ चाहिन्छ ।' फर्से टोल विकास संस्थाका अध्यक्ष रामु सुवेदीलाई पनि आफ्नो गाउँ फेरि उठाउन सकिन्छ भन्ने विश्वास छ । तर त्यसका लागि सुरक्षित बसोबास र नदी नियन्त्रण आवश्यक रहेको उनको भनाइ छ ।

'यही ठाउँमा पक्की पर्खाल बनाएर नदी नियन्त्रण गरिदिए पेसा-व्यवसाय गरेर पुरानै अवस्थामा फर्किन सकिन्छ,' उनले भने, 'हाम्रो बस्तीलाई बस्नयोग्य बनाइदिनुपऱ्यो । घर र घडेरी बगेकालाई बसोबासको व्यवस्था गर्नुपर्छ ।' उनले पर्वततर्फ मात्र नभई म्याग्दी र बागलुङतर्फ पनि बस्ती संरक्षणको योजना बनाउनुपर्ने बताए । कालीगण्डकीबाट जथाभावी नदीजन्य पदार्थ उत्खनन रोक्नुपर्ने उनको माग छ । तत्काल संरक्षणका काम नगरिए कालीगण्डकीले धार परिवर्तन गरी थप बस्ती र सयौं रोपनी खेतीयोग्य जमिन जोखिममा पार्नसक्ने सुवेदीको भनाइ छ । कोरलानाका जोड्ने सडक जोखिममा पर्नसक्ने उनले बताए ।

### पुनर्स्थापनाको पर्खाइ

जलजला गाउँपालिकाले फर्सेका बाढीपीडितका लागि कर्मचारी खटाएर सचिवालय स्थापना गरेको छ । राहत वितरणलाई एकद्वार प्रणालीबाट सञ्चालन गरिएको छ । जलजलाको फर्सेसहित ताङवाङ, लामाखेत, पालसिङलगायत धेरै ठाउँमा बाढीपहिरोले क्षति गरेको छ । प्रभावित परिवारलाई परिचयपत्रसमेत वितरण गरिएको गाउँपालिका अध्यक्ष राजु आचार्यले बताए ।

बिहीबार स्वास्थ्य शाखाको आयोजनामा मनोसामाजिक परामर्शसहित स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । जनप्रतिनिधि र कर्मचारीको १४ वटा समूह बाढीपहिरोले पुऱ्याएको क्षतिको विवरण संकलन गर्न खटिएका छन् । फर्सेवासीका लागि दीर्घकालीन सुरक्षित बसोबास, पुनर्निर्माण र बस्ती संरक्षणको योजना आवश्यक रहेको अध्यक्ष आचार्यले बताए । त्यसका लागि संघीय र प्रदेश सरकारसमक्ष प्रस्ताव गरिएको उनले जानकारी दिए ।

मंगलबार फर्सेको निरीक्षणमा आएका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पुनर्निर्माण र पुनर्स्थापनामा सरकारले साथ दिने प्रतिबद्धता व्यक्त गरेका थिए । कालीगण्डकीको भेलले फर्सेको रूप बदलिदिएको छ । घरका ठाउँमा भग्नावशेष छन् । गोठका ठाउँमा बगर छ । आँगनका ठाउँमा नदीको धार छ । फर्सेका बाढीपीडित चन्द्र दर्जीको मनमा एउटा विश्वास अझै बाँकी छ । 'बाढीले घर बगाउन सक्छ, सपना होइन । हामी आफ्नै गाउँमा श्रम र पसिनामा उठ्न चाहन्छौं,' उनले भने, 'सुरक्षित बास, संरक्षणको भरोसा र पुनर्स्थापनामा सरकारको साथ आवश्यक पर्छ ।' *रासस*

**कुवेतमा रोजगार** कम्पनी : Sea of Eyes Ladies Beauty Salon

पूर्व स्वीकृति मिति : २०८२/०६/१६ | LT. No. 348821 | चलानी नं. ६०२६२०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASSAGIST | 0 | 5 | 150 | ७५,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम इजाजत नं. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**कतारमा रोजगार** कम्पनी : UNITED SECURITY SERVICES CO

पूर्व स्वीकृति मिति : २०८३/०६/१६ | LT. No. 348891 | चलानी नं. ६०२६१९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Senior Security Supervisor | 1 | 0 | 2800 | १,१९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 6 | 2 | 1800 | ७६,५५१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
श्रम इजाजत नं. ४९७/०६१/०६२
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, Shree Prasad Gurung (9806131199)
E-mail : shuvamoveseas677@gmail.com, Website : www.shuvamoverseas.com

**युएइमा रोजगार** कम्पनी : KHAT ALNAHDA TECHNICAL SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०६/१६ | LT. No. 348866 | चलानी नं. ६०२६२०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Construction Labour | 1 | 0 | 1200 | ५०,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Steel Fixer | 1 | 0 | 1500 | ६३,३१५ | | | | | | | |
| 3 | Ceiling Covering Labor | 1 | 0 | 1500 | ६३,३१५ | | | | | | | |
| 4 | Brick/Stone mason(Skilled/semi skill | 1 | 0 | 1500 | ६३,३१५ | | | | | | | |
| 5 | carpenter (construction) | 1 | 0 | 1500 | ६३,३१५ | | | | | | | |
| 6 | SCAFFOLDER | 1 | 0 | 1500 | ६३,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

**साउदी/मलेसियामा रोजगार** कम्पनी : ICON CATERING ESTABLISHMENT | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348794 | चलानी नं. ६०२६२००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ४१,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Future Engineering and Trading Company | शेवा शुल्क: १०,०००/-

पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348793 | चलानी नं. ६०२६२००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Of Workshop | 1 | 0 | 1200 | ४९,५२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TSI SECURITY SERVICES SDN. BHD. | शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०६/१५ | LT. No. 348831 | चलानी नं. ६०२६२०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/guard | 50 | 0 | 1700 | ६४,१५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

(मलेसिया) प्रि: अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २३ गते (9th. Oct 2026) मा र फाइनल अन्तर्वार्ता मिति : २०८३ असोज २४ र २५ गते (10&11th Oct 2026) मा हुनेछ ।
(साउदी) अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २४ गते (10th. Oct 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४८०० | प्रति तोला – ० | प्रति तोला – ४४५० |



**कुचो बनाउँदै** | काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका–९, नयाँबस्तीका रोशनकुमार साह बिक्री गर्न अम्रिसोको कुचो बनाउँदै । दसैँ, तिहार नजिकिँएसँगै यतिबेला उनलाई कुचो बनाउन भ्याइ नभ्याइ भएको छ ।
*तस्बिरः सनम सुवाल/रासस*

## विद्युतीय खरिद प्रणालीको समस्या समाधान गर्न माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल निर्माण व्यवसायी महासंघले सार्वजनिक खरिद प्रक्रियामा हाल देखिएको प्राविधिक समस्या, साइबर सुरक्षा जोखिम तथा बोलपत्र (बिड) पेस गर्दा व्यहोर्नुपरेको झन्झट समाधान गर्न सार्वजनिक खरिद अनुगमन कार्यालय (पीपीएमओ) को ध्यानाकर्षण गराएको छ ।

महासंघका वरिष्ठ उपाध्यक्ष रामजी पन्त नेतृत्वको प्रतिनिधिमण्डलले पीपीएमओका सचिव विश्वबाबु पुडासैनीसँग भेट गरी हालको हार्डकपी बोलपत्र दाखिलासम्बन्धी समस्या तथा विद्युतीय खरिद प्रणाली (ई-जीपी) को स्तरोन्नति र सञ्चालनका विषयमा छलफल गरेको हो ।

भेटका क्रममा महासङ्घले विद्यमान प्रणालीमा देखिएका साइबर सुरक्षा जोखिम, डेटा सुरक्षा तथा प्रणालीगत सुरक्षाका विषयमा कार्यालयको ध्यानाकर्षण गराएको छ । निर्माण व्यवसायीहरूलाई बोलपत्र पेस गर्न कुनै पनि प्राविधिक अवरोध नहुने वातावरण बनाउन तथा



सार्वजनिक खरिद प्रक्रियालाई निरन्तर र सुरक्षित रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन प्रतिनिधिमण्डलले आग्रह गरेको छ ।

त्यसैगरी, विद्युतीय प्रणालीमा समस्या उत्पन्न भएको अवस्थामा खरिद प्रक्रिया नै अवरुद्ध हुन नदिन महासंघले तत्कालका लागि वैकल्पिक व्यवस्था गर्न माग गरेको छ । महासंघले हार्डकपी र विद्युतीय खरिद प्रणाली दुवै माध्यमबाट बोलपत्र पेस गर्न सकिने व्यवस्था मिलाउन वा अत्यावश्यक बाहेकका अन्य नयाँ बोलपत्रहरू तत्कालका लागि सुरु नगर्न आग्रह गरेको छ । साथै, नयाँ प्रणाली पूर्ण रूपमा सञ्चालनमा नआउँदासम्म हाल प्रकाशित भइसकेका बोलपत्रहरूको म्याद थप गर्नुपर्ने मागसमेत अघि सारेको छ ।

यसका साथै, नयाँ प्रणालीको आवश्यक कानुनी, प्राविधिक तथा साइबर सुरक्षा परीक्षण छिटो सम्पन्न गरी यथाशीघ्र कार्यान्वयनमा ल्याउन पनि महासंघले जोड दिएको छ ।

छलफलका क्रममा पीपीएमओले विद्यमान प्रणालीलाई आवश्यक प्राविधिक तथा सुरक्षात्मक सुधारसहित 'भर्सन-२' का रूपमा स्तरोन्नति गरी नयाँ प्रणालीको विकास भइरहेको जानकारी दिएको छ । कार्यालयका अनुसार हाल उक्त नयाँ प्रणालीको डेमो तथा परीक्षण कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ ।

## म्याग्दीमा प्रसारणलाइन मर्मत सुरु

■ **प्रभाव संवाददाता**

**म्याग्दी –** बाढीपहिरोबाट प्रभावित म्याग्दीको अन्नपूर्ण गाउँपालिका र मुस्ताङमा विद्युत् आपूर्तिका लागि प्रसारण लाइन मर्मत सुरु गरिएको छ ।

यही असोज ८ देखि ११ गतेसम्मको झरीपछि कालीगण्डकी नदीमा आएको बाढीले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको पोखरेबगर, धिरच्याङ र दोवाको भिरकाटेमा २२० केभी क्षमताको दाना-खुर्कोट प्रसारण लाइनको चारवटा टावर ढलेको थियो । टावर ढल्दा लाइन चुडाएकाले मुस्ताङ जिल्ला र अन्नपूर्ण गाउँपालिकामा विद्युत् आपूर्ति बन्द भएको छ ।

यस्तै, म्याग्दी र मुस्ताङका १७६ मेगावाट क्षमताका छ जलविद्युत् आयोजनाको विद्युत् केन्द्रीय प्रणालीमा जोडिन नपाउँदा करोडौंको नोक्सानी भएको छ । विद्युत् अभावमा सञ्चार सेवा अवरुद्ध हुनुका साथै सर्वसाधारणको दैनिकीमा असर परेको छ ।

अन्नपूर्ण गाउँपालिकाको २, ३, ४ र ५ नम्बर वडा तथा मुस्ताङ जिल्लाभर कार्यक्षेत्र रहेको नेपाल विद्युत् प्राधिकरणको तातोपानी वितरण केन्द्रका प्रमुख हेमराज चापागाईंले प्रसारण लाइनको समस्याले तत्काल दाना सबस्टेशनबाट विद्युत् आपूर्ति गराउन सम्भव नभएकाले वैकल्पिक लाइन सञ्चालनको तयारी गरेको जानकारी दिए ।

'दाना सबस्टेशनबाट तत्काल सम्भव नहुने भएकाले मिलनचोकदेखि दाना हुँदै मुस्ताङको कोवाङमा रहेको ३३ केभी प्रसारण लाइन मर्मत थालेका छौं', उनले भने, 'उक्त प्रसारण लाइनको म्याग्दी खण्डमा पनि धेरै ठाउँमा क्षति पुगेकाले मर्मतका लागि प्राधिकरणका कर्मचारीका साथै ठेकेदारमार्फत मजदुर परिचालन गरेका छौं ।'

मुस्ताङको प्रसारण लाइन र वितरण लाइनमा समस्या नभएको स्थलगत निरीक्षण गरेर फर्किएका चापागाईंले बताए । तातोपानीदेखि अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरसम्म ढलेका पोल गाड्ने, चुँडिएका र लत्रिएका तार हटाएर नयाँ तान्ने काम सकिएको छ । घारमा एक वटा, राखुदेखि बेगखोला जोड्ने चारवटा प्रसारण लाइनको पोल ढलेका छन् ।

बेगखोला र तिप्ल्याङको बीचमा एक किलोमिटर ५०० मिटर दूरीमा पोल र तार पूरै कालीगण्डकीको बाढीले बगाएको छ । सडक यातायात सञ्चालन नभएकाले विद्युत् लाइन मर्मतका लागि सामग्री ढुवानीमा समस्या भएको छ ।

प्राधिकरणको प्रादेशिक कार्यालयबाट सामान ल्याएर बेनी हुँदै राखुसम्म सवारीसाधनमार्फत लैजाने र त्यहाँदेखि बेगखोला क्षेत्रमा भरिया लगाएर ढुवानी गरिएको छ । प्रसारण लाइन मर्मतको काम तीव्रगतिमा अगाडि बढाइएको वितरण केन्द्र प्रमुख चापागाईंले बताए ।

## करदाता प्रोत्साहन उपहार कार्यक्रम घोषणा

**काठमाडौं (प्रस)–** करदाता प्रोत्साहन उपहार कार्यक्रमअन्तर्गत यही असोज १ देखि १५ गतेसम्मको उपहार घोषणा भएको छ । अर्थ मन्त्रालयमा शुक्रबार आयोजित कार्यक्रममा प्रतिनिधिसभाअन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिका सभापति सुम्निमा उदास, प्रतिनिधिसभा सदस्यद्वय गणेश कार्की र सन्तोष राजवंशीले संयुक्त रूपमा असोज महिनाको पहिलो १५ दिनको करदाता प्रोत्साहन उपहार घोषणा गरे ।

नयाँ घोषणाअनुसार पर्साका लालबाबु साह कानुलाई रु १० लाख राशिको १५ दिनको बम्पर उपहार परेको छ । कानुले रु २१ हजार बराबरको ल्युब आयल (इञ्जिन आयल) खरिद गर्दा तिरेको रकमको कारोबार बम्पर उपहारमा छनोट भएको हो । उनलाई तत्कालै फोन सम्पर्क गरेर आन्तरिक राजस्व विभागका महानिर्देशक डा भीष्मकुमार भुषालले बधाई दिँदै पुरस्कार प्राप्त गर्न नजिकैको कर कार्यालयमा सम्पर्क गर्न आग्रह गरे ।

आन्तरिक राजस्व विभागका अनुसार यही असोज १ देखि १५ गतेसम्म अनलाइन र नगद खरिदमा सहभागी भएर बिल लिएका उपभोक्ताका तीन करोड १८ लाख १८ हजार २८६ वटा कारोबार उपहार कार्यक्रमका लागि योग्य थिए । जसमा नगदमा कारोबार गरेर बिल लिएका उपभोक्ताको कारोबार संख्या दुई लाख ४७ हजार ९७९ थियो भने अनलाइन तथा कार्डबाट भुक्तानी गरेर वस्तु खरिद गरेका उपभोक्ताको कारोबार संख्या तीन करोड १५ लाख ७० हजार ३०७ थियो ।

### कर्पोरेट

## ग्लोबल आइएमई बैंकको १० प्रतिशत लाभांश पारित




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडको २० औं वार्षिक साधारण सभा शुक्रबार काठमाडौंको भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लबमा भव्यताका साथ सम्पन्न भएको छ । सभाले आर्थिक वर्ष २०८२/८३ को मुनाफाबाट आफ्ना शेयरधनीहरूलाई चुक्ता पुँजीको कुल १० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ । जसमध्ये ४ प्रतिशत बोनस शेयर र कर प्रयोजनसहित ६ प्रतिशत नगद लाभांश रहेको छ ।

सञ्चालक समितिका तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन तथा एकीकृत वित्तीय विवरण सभाले पारित गरेको छ । समीक्षा अवधिमा बैंकले ६ अर्ब ४ करोड रूपैयाँ खुद नाफा आर्जन गर्न सफल भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १५.९० प्रतिशतले बढी हो । यसैगरी, बैंकको सञ्चालन मुनाफा ९ अर्ब ६० करोड रूपैयाँ रहेको छ । स्वीकृत बोनस शेयर वितरणसँगै बैंकको चुक्ता पुँजी ३९ अर्ब ६८ करोड ६० लाख रूपैयाँ पुगेको छ ।

सभालाई सम्बोधन गर्दै अध्यक्ष ढकालले शेयरधनी महानुभावहरूको अटूट विश्वास र निरन्तर साथप्रति हार्दिक आभार व्यक्त गरे । उनले ग्राहकवर्ग, शेयरधनी, नियामक निकाय तथा सम्पूर्ण शुभेच्छुकहरूको साथ र सहयोगकै कारण बैंकले गौरवमय दुई दशकको यात्रा सफलतापूर्वक पूरा गर्न सकेको बताए ।

नेपाल सरकार र नेपाल राष्ट्र बैंकका नीति तथा निर्देशनको पूर्ण पालना गर्दै बैंकलाई थप सुरक्षित, भरपर्दो र सन्तुलित रूपमा विस्तार गर्दै लैजाने प्रतिबद्धता उनले दोहोऱ्याए । साथै, ग्राहकहरूलाई अझ सहज र अत्याधुनिक सेवा प्रवाह गर्न डिजिटल बैंकिङ प्रणालीमा थप लगानी विस्तार गरिने जानकारी पनि उनले दिए ।

## कालिञ्चोक दर्शन लिमिटेडको १२औँ साधारण सभा

**भक्तपुर (प्रस)–** कालिञ्चोक दर्शन लिमिटेडको १२औँ वार्षिक साधारण सभा भक्तपुरको गठ्ठाघरमा सम्पन्न भएको छ । कम्पनीका अध्यक्ष बालकृष्ण शिवाकोटीको अध्यक्षतामा सम्पन्न सभाले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदनसहित विभिन्न प्रस्ताव पारित गरेको छ ।

सभाले अध्यक्ष शिवाकोटीद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरेको कम्पनीले जनाएको छ । त्यस्तै, आर्थिक वर्ष २०८३/८४ का लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पनि पारित भएको छ ।

साधारण सभाले कम्पनीको ६३ करोड रूपैयाँ चुक्ता पुँजीको ८.५ प्रतिशत अर्थात् ५ करोड ३५ लाख ५० हजार रूपैयाँ बराबरको बोनस सेयर वितरण गर्ने निर्णय गरेको छ । बोनस सेयरको कर प्रयोजनका लागि २८ लाख १८ हजार ४ सय २१ रूपैयाँ ५ पैसा नगद लाभांश वितरण गर्ने निर्णयसमेत गरिएको छ ।




बोनस सेयर वितरणपछि कायम हुने ६८ करोड ३५ लाख ५० हजार रूपैयाँ चुक्ता पुँजीको १:१ अनुपातमा प्रतिसेयर १०० रूपैयाँ अंकित दरका ६८ लाख ३५ हजार ५०० कित्ता हकप्रद सेयर निष्कासन गर्ने प्रस्ताव पनि सभाले पारित गरेको छ ।

त्यस्तै, कालिञ्चोक इन्भेस्टमेन्ट कम्पनी लिमिटेडमा २१ करोड ४७ लाख रूपैयाँ लगानी पुँजी रहेको जानकारी सभामा दिइएको थियो । कम्पनीले कृषि, जलविद्युत्, सूचना प्रविधि तथा उत्पादनमूलक क्षेत्रलगायतमा लगानी तथा व्यावसायिक गतिविधि सञ्चालन गर्न सक्ने प्रस्तावसमेत सभाबाट पारित भएको छ ।

पर्यटन प्रवर्द्धन गरौं
- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत् आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ